# ARMED POLICE FORCE, NEPAL
## MESSAGE FORM

APFC (HQ)　　　　　　　　　　　　　　　　　　　　　　SERIAL NO:- 3C52

| | | | |
|---|---|---|---|
| FROM:- | सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्र । | DTO:- | १५९४९६ |
| TO:- | सशस्त्र प्रहरी बल, नेपाल इकाईहरु सबै। | IN/OUT:- | |
| INFO:- | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, सशस्त्र प्रहरी महानिरीक्षकको कार्यालय, मानवश्रोत्र विभाग, कार्य विभाग, सीमा सुरक्षा विभाग । | GROUP COUNT:- | |

सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रको कोष सञ्चालन तथा व्यवस्थापन बाट निर्णय भई "**२५ औं सशस्त्र प्रहरी दिवस, २०८२ (रजत महोत्सव)**" को अवसरमा संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक श्रीमान् राजु अर्यालज्यूबाट घोषणा भएका निम्नानुसारका काल्याणकारी कार्यक्रमहरु जानकारी एवं आवश्यक कार्यार्थको लागि अनुरोध (०)

**निम्नः-**

**१. शहिद सशस्त्र प्रहरी कर्मचारीको परिवार (आमा वा बुबा) को सामाजिक सुरक्षा**

अमर/शहिद सशस्त्र प्रहरी कर्मचारीहरुका ७० वर्ष उमेर पुरा भएका परिवार (आमा वा बुबा) मध्ये एक जनालाई बार्षिक १२ (बाह्र) हजार सामाजिक सुरक्षा रकम उपलब्ध गराउने।

***(प्रत्येक वर्षको मंसिर महिना भित्र बाहिनी मुख्यालयहरुले आ-आफ्नो जिम्मेवारी ईलाकामा बसोबास गर्ने शहिद सशस्त्र प्रहरी कर्मचारीहरुका ७० वर्ष उमेर पुरा भएका जीवित बुबा आमाको विवरण यस सेवा केन्द्रमा पठाउने)***

**२. सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्रदान गरिँदै आएको नगद ऋण रकम**

कल्यणकारी सेवा केन्द्रबाट बहालवाला सशस्त्र प्रहरी कर्मचारीहरुलाई सहुलियत ब्याजदरमा उपलब्ध गराउँदै आईरहेको ऋण (नगद ऋण, पति/पत्नि नगद कर्जा, सीमा कर्जा, भूमिहिन कर्जा, प्राकृतिक प्रकोप कर्जा) लाई निजहरुको सेवा अवधिको आधारमा अधिकतम सिनियर अधिकृतलाई १५(पन्ध्र) लाखसम्म, जुनियर अधिकृतलाई १२ (बाह्र) लाखसम्म र बिल्लादार जवान तथा परिचरलाई १० (दश) लाखसम्म नगद ऋण उपलब्ध गराउने। यससँग सम्बन्धित मापदण्ड यसै सञ्चार परिशिष्ट- "क" पेज नं. १ र २ मा उल्लेख भए बमोजिम हुनेछ।

**३. नेपाल एपीएफ स्कूलका शिक्षक शिक्षिकाहरूलाई सहुलियत ब्याजदरको ऋण र किस्ताबन्दिमा ईलेक्ट्रोनिक्स सामानहरु उपलब्ध हुने कार्यक्रममा सहभागिता**

सशस्त्र प्रहरी बल, नेपाल कल्यणकारी सेवा केन्द्रद्धारा संचालित नेपाल एपीएफ स्कूलहरुमा कार्यरत सामाजिक सुरक्षा कोषमा आवद्ध शिक्षक शिक्षिकाहरूलाई मापदण्ड तयार गरी कल्याणकारी सेवा केन्द्रवाट उपलब्ध गराउँदै आईरहेको सहुलियत ब्याजदरको नगद ऋण र किस्ताबन्दिमा ईलेक्ट्रोनिक्स सामानहरु उपलब्ध हुने कार्यक्रममा सहभागिता गराउने। यससँग सम्बन्धित मापदण्ड यसै सञ्चार परिशिष्ट- "ख" पेज नं. ३ र ४ मा उल्लेख भए बमोजिम हुनेछ।

**(नारायण दत्त पौडेल)**
**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक**
**अध्यक्ष .**

४. **नेपाल ए.पी.एफ. अस्पतालमा Pay Cabin सेवाको सुरुवात**

नेपाल ए.पी.एफ. अस्पतालबाट सेवा लिने सेवाग्राहीहरुको हितलाई ध्यानमा राख्दै सुविधा सम्पन्न Cabin मा बसि स्वास्थ्य सेवा लिन चाहने सर्वसाधारण नागरीक तथा सशस्त्र प्रहरी कर्मचारीहरुको लागि नेपाल ए.पी.एफ. अस्पताल परिसरभित्र उपयुक्त स्थान छनौट गरी कल्याणकारी सेवा केन्द्रको लगानीमा सुविधा सम्पन्न Pay Cabin सेवा थालनी गर्ने।

५. **विशेष तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीका सन्ततीलाई शैक्षिक वृत्ति रकम**

सशस्त्र प्रहरी बल,नेपालमा कार्यरत कर्मचारीहरु मध्ये विशेष तालिम सम्पन्न गर्ने सशस्त्र प्रहरी कर्मचारीका सन्ततीहरुलाई शैक्षिक वृति उपलब्ध गराउने संगठनको योजना अनुसार "२५ औ सशस्त्र प्रहरी बल दिवस" को अवसरबाट हाल STF (**Special Task Force**) तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु मध्ये वार्षिक सर्वोत्कृष्ट हुने १ (एक) जना सशस्त्र प्रहरी कर्मचारीको कक्षा १(एक) देखि कक्षा १२(बाह्र) सम्म अध्ययन गरिरहेका १ (एक) जना सन्ततिलाई एक पटकको लागि सशस्त्र प्रहरी दिवसको अवसरमा १२ (बाह्र) हजार शैक्षिकवृत्ति रकम उपलब्ध गराउने र भविष्यमा यसै कार्यक्रमलाई क्रमशः अन्य विशेष तालिम प्राप्त गर्ने उत्कृष्ट सशस्त्र प्रहरी कर्मचारीहरुका सन्ततीलाई समेत समावेश गराउँदै लगिने।

***(प्रत्येक वर्षको मंसिर महिना भित्र प्रशिक्षण प्रतिष्ठान तथा बाहिनी मुख्यालयहरुबाट विवरण संकलन गरी मजकुर मानवश्रोत विभागले वार्षिक सर्वोत्कृष्ट १ (एक) जना STF तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारी छनौट गरी तोकिए अनुसारको शैक्षिकवृत्तिको लागि नमावली कल्याणकारी सेवा केन्द्रमा पठाउने)***

६. **किरियापुत्री सेवा**

बहालवाला तथा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारी एवं निजका परिवारजनको मृत्युवरण हुदाँ काज-किरिया बस्न विषेश छुट सहितको सुविधा होस् भन्ने हेतुले काठमाण्डौ महानगरपालिका वडा न. १६ बालाजु स्थित विष्णुमति महादेव खोला संगमस्थल तारकेश्वर धाममा रहेको किरियापुत्री भवनमा "विष्णुमति महादेव खोला संगमस्थल भौतिक सुधार समिति" सँग समन्वय गरी कल्याणकारी कोषबाट Attach Bath Room सहितको २ (दुई) कोठा निर्माण कार्य थालनि गर्ने। साथै आगामी दिनहरुमा यसै पुण्य कार्यलाई निरन्तरता दिन उपयुक्त स्थानको खोजि र निर्माण कार्य गर्दै किरियापुत्री सेवा उपलव्ध गराउने।

७. **नयाँ चार पाङ्ग्रे सवारी साधन खरिद रकममा वृद्धि**

बहालवाला सशस्त्र प्रहरी सिनियर अधिकृत र बहालवाला जुनियर अधिकृतले खरिद गर्ने हलुका नयाँ चार पाङ्ग्रे सवारी साधन खरिदमा उपलब्ध गराउँदै आईरहेको रु २० (बीस) लाख नगद ऋणमा



**(नारायण दत्त पौडेल)**
**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक**
**अध्यक्ष**

वृद्धि गरी खरिद मुल्यको ८० (असी) प्रतिशत रकम वा बढिमा रु २५ (पच्चिस) लाख जुन कम हुन्छ सोहि अनुसारको रकम उपलब्ध गराउने।

**८. प्रशिक्षकलाई पारिवारिक भ्रमण कोटामा वृद्धि**

प्रशिक्षण कार्यमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरुको हौसला अभिवृद्धि गर्ने हेतुले उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई स्वदेश भित्र पारिवारिक भ्रमण गर्न प्रोत्सान रकम उपलब्ध गराईदै आईरहेको संख्याबाट समायोजन गरी परिशिष्ट- "ग" पेज नं. ५ मा उल्लेख भए अनुसार उपलब्ध गराउने।

**९. विद्युतिय चार्जिङ्ग स्टेशनहरुको स्तर वृद्धि र नयाँ स्थापना**

वातावरण संरक्षण र जलवायु परिवर्तन न्यूनीकरणलाई प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष्य अनुसार स्वच्छ, नवीकरणीय तथा बढ्दो जलविद्युत उत्पादनलाई प्रभावकारी ढंगले उपयोग गर्दै पेट्रोलियम पदार्थप्रतिको निर्भरता घटाउने र वातावरणमैत्री यातायात प्रणालीलाई प्रोत्साहन गर्ने उद्देश्यले हाल सञ्चालनमा आईरहेको विद्युतिय चार्जिङ्ग स्टेशनहरुको स्तरोन्नती गर्ने साथै थप स्थानहरुमा क्याफेटेरिया सहितको नयाँ विद्युतिय चार्जिङ्ग स्टेशनको सम्भाव्यता अध्ययन गरी क्रमश: स्थापना गर्दै लगिने।

**१०. सशस्त्र प्रहरी बल, नेपालको "२५ औ वार्षिकोत्सव" को अवसरमा प्रदान गरिने Silver Jubilee Commendation र Silver Jubilee Honor**

सशस्त्र प्रहरी बल, नेपालको स्थापनाको २५ औं वार्षिकोत्सव (Silver Jubilee) को अवसरबाट २५ (पच्चिस) वर्ष सेवा अवधि पुरा गरेका बहालवाला सशस्त्र प्रहरी कर्मचारी र २५ वर्ष सेवा अविधि पुरा गरी संगठनबाट अवकास प्राप्त गरेका पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुलाई **"APF, Nepal Silver Jubilee Commendation"** र २५ (पच्चिस) वर्ष सेवा अवधि पूरा गरेका बहालवाला सिनियर अधिकृतहरु मध्येबाट उत्कृष्ट १ (एक) जनालाई **"APF, Nepal Silver Jubilee Honor"** प्रदान गर्ने। साथै उक्त सम्मान तथा सम्मानपत्र खरिदको लागि आवश्यक पर्ने रकम कल्याणकारी सेवा केन्द्रले उपलब्ध गराउने।

**११. "वर्ष अधिकृत" र "वर्ष JCOs" सम्मान**

सशस्त्र प्रहरी बल, नेपाल **"कल्याणकारी सेवा केन्द्रको कोष संचालन सम्बन्धि कार्यविधि,२०७४"** वमोजिम **"वर्ष जवान"** लाई पुरस्कार तथा सम्मानपत्र प्रदान गर्दै आईरहेकोमा, संगठनको योजना वमोजिम २५ औं सशस्त्र प्रहरी दिवस (रजत महोत्सव) को अवसरबाट सुरु हुने गरी घोषित हुने **"वर्ष अधिकृत"** र **"वर्ष JCOs"** लाई समेत कल्याणकारी सेवा केन्द्रको कोषबाट पुरस्कार तथा सम्मानपत्रको व्यवस्था गर्ने।



**(नारायण दत्त पौडेल)**
**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक**
**अध्यक्ष**

# ARMED POLICE FORCE, NEPAL

## MESSAGE FORM

APFC (HQ) SERIAL NO:-

*(प्रशिक्षण प्रतिष्ठान तथा बाहिनी मुख्यालयहरुबाट विवरण संकलन गरी मकजुर मानवश्रोत विभागले "वर्ष जवान", "वर्ष JCOs" र "वर्ष अधिकृत" छनौट गरी नामावली कल्याणकारी सेवा केन्द्रमा पठाउने)*

१२. तत्कालिन सशस्त्र द्धन्द्धको समयमा विभिन्न घटनामा परी घाईते तथा अपाङ्ग भएका सशस्त्र प्रहरी कर्मचारीहलाई निजहरुको दैनिक जीवनयापन सहज होस भन्ने हेतुले **"२५ औ सशस्त्र प्रहरी दिवस, २०८२ (रजत महोत्सव)"** को उपलक्ष्यमा नेपाल ए.पी.एफ. अस्पतालबाट प्राप्त घाईते तथा अपाङ्ग सशस्त्र प्रहरी कर्मचारीहरुको विवरणको आधारमा एक पटकको लागि १० (दश) हजारका दरले १५ जनालाई रकम उपलब्ध गराउने।

मितिः- २०८२/१०/१५ गते ।

| Degree of Priority Originator's Instruction | | | | | Originator's Signature (With Rank) | T.H.I. | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | Date &Time | | System | Operator |
| MJ | TJ | AJ | J | O | | IN | | | |
| Reg. No. | | | | | | OUT | | | |

**(नारायण दत्त पौडेल)**
**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक**
**अध्यक्ष**

**परिशिष्ट- "क"**

## सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्रदान गरिने नगद ऋण र मापदण्ड

१. कल्यणकारी सेवा केन्द्रबाट बहालवाला सशस्त्र प्रहरी कर्मचारीहरुलाई सहुलियत ब्याजदरमा उपलब्ध गराउँदै आईरहेको ऋण (नगद ऋण, पति/पत्नि नगद कर्जा, सीमा कर्जा, भूमिहिन कर्जा, प्राकृतिक प्रकोप कर्जा) लाई निजहरुको सेवा अवधिको आधारमा निम्नानुसर नगद ऋण उपलब्ध गराईनेछ।

२. **सेवा अवधि अनुसार पाउने नगद ऋण विवरण**

| सि.नं. | विवरण | ५ देखि ७ वर्ष सेवा अवधि | ८ देखि १० वर्ष सेवा अवधि | ११ वर्ष देखि माथि सेवा अवधि | किस्ता अवधि |
|---|---|---|---|---|---|
| १. | सिनियर अधिकृत | ८ लाख | १२ लाख | १५ लाख | ७ वर्ष |
| २. | जुनियर अधिकृत | ७ लाख | १० लाख | १२ लाख | ७ वर्ष |
| ३. | बिल्लादार जवान तथा परिचर | ६ लाख | ८ लाख | १० लाख | ७ वर्ष |

३. उल्लेखित १० (दश) लाख नगद ऋण लिदा हाल उपलब्ध गराउदै आईरहेको कागजातका साथै पुँजिगत खर्च (जग्गा खरिद, घर निर्माण, घर मर्मत सम्भार, पारिवारिक व्यवसाय) तथा स्वास्थ्य उपचार मध्ये प्राप्त कागजातहरुको आधारमा उपलब्ध गराईनेछ।

४. नगद ऋण लिनको लागि आवश्यक कागजातहरुसँग नजिकको हकवाला (विवाहितको हकमा श्रीमान्/श्रीमतिको र अविवाहितको हकमा बुवा वा आमाको) मन्जुरीनामा पेश गर्नु पर्नेछ।

५. राष्ट्रिय सशस्त्र प्रहरी बल, नेपाल प्रशिक्षण प्रतिष्ठान तथा मातहत शिक्षालयहरुमा सक्रिय रुपमा प्रशिक्षक खटिएका सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्राथमिकतामा राखी प्रशिक्षकहरुको हौसला अभिवृद्धि गर्ने हेतुले मासिक २५ (पच्चीस) वटा कोटा छुट्याईएको।

६. **मासिक नगद ऋण कोटा विवरण**

| सि.नं. | कार्यालयहरु | मासिक कोटा संख्या | कै. |
|---|---|---|---|
| १. | मानवश्रोत विभाग (प्र.का. सबै, नेपाल एपीएफ अस्पताल, खेलकुद तथा शारीरिक सुगठन शिक्षालय, नं. १९ गण, नेपाल एपीएफ स्कुल कीर्तिपुर समेत) | ३७ जना | |
| २. | नं. १ बहराह बाहिनी मुख्यालय सुनसरी | ३० जना | |
| ३. | नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरी (नेपाल एपीएफ ठाकोदेवी जोगेन्द्र भगत स्कुल ससरी समेत) | ३० जना | |
| ४. | नं. ३ गढिमाई बाहिनी मुख्यालय, मकवानपुर | १५ जना | |
| ५. | नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय, कास्की | १५ जना | |

(नारायण दत्त पौडेल)
सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक
अध्यक्ष

| सि.नं. | कार्यालयहरु | मासिक कोटा संख्या | कै. |
|---|---|---|---|
| ६. | नं. ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय, रुपन्देही (नेपाल एपीएफ स्कुल कोहलपुर समेत) | ३० जना | |
| ७. | नं. ६ महेश्वरी बाहिनी मुख्यालय, सुर्खेत | १० जना | |
| ८. | नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय, कैलाली (नेपाल एपीएफ स्कुल झलारी समेत) | २० जना | |
| ९. | नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय, काठमाडौं | १५ जना | |
| १०. | प्रशिक्षण प्रतिष्ठान | २ जना | |
| ११. | एपिएफ कमाण्ड तथा स्टाफ कलेज | २ जना | |
| १२. | तालिम शिक्षालयहरु (प्रत्येक शिक्षालयहरुले २ जनका दरले) | २२ जना | |

(नारायण दत्त पौडेल)
सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक
अध्यक्ष

परिशिष्ट- "ख"

# नेपाल एपीएफ स्कुलहरूमा कार्यरत शिक्षक/शिक्षिकाहरूलाई सहुलियत ब्याजदरको नगद ऋण तथा किस्ताबन्दीमा सामग्री उपलब्ध गराउने सम्बन्धी मापदण्ड

## १. प्रास्तवना

सशस्त्र प्रहर बल, नेपाल सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रद्वारा सञ्चालित नेपाल एपीएफ स्कुलहरूमा कार्यरत समाजिक सुरक्षा कोषमा आबद्ध शिक्षक शिक्षिकाहरूलाई मापदण्ड तयार गरी कल्याणकारी सेवा केन्द्रबाट उपलब्ध गराउदै आईरहेको सहुलियत ब्याजदरमा नगद ऋण तथा किस्ताबन्दीमा इलेक्ट्रोनिक्स सामग्री उपलब्ध हुने कार्यक्रममा सहभागी गरउने भनी सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रको कोष सञ्चालन तथा व्यवस्थापन समितिको १४८ औं बैठकद्वारा निर्णय भई "**२५ औं सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव)**" को अवसरमा संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षकज्यूबाट घोषण भए अनुसार यो मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईएको छ।

## २. उद्देश्य

सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रद्वारा सञ्चालित नेपाल एपीएफ स्कुलहरूमा कार्यरत सामाजिक सुरक्षा कोषमा आबद्ध शिक्षक/शिक्षिकाहरूको आर्थिक सहजता, जीवनस्तर अभिवृद्धि तथा कल्याण प्रवर्द्धनका लागि सहुलियत ब्याजदरमा नगद ऋण तथा किस्ताबन्दीमा इलेक्ट्रोनिक्स सामग्री उपलब्ध गराउने व्यवस्था मिलाउनु हो।

## ३. परिभाषा

(क) "केन्द्र" भन्नाले सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रलाई जनाउँछ।

(ख) "स्कुल" भन्नाले केन्द्रद्वारा सञ्चालित नेपाल एपीएफ विद्यालयहरूलाई जनाउँछ।

(ग) "शिक्षक/शिक्षिका" भन्नाले सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रद्धारा सञ्चालिन नेपाल एपीएफ स्कुलहरुमा कार्यरत समाजिक सुरक्षा कोषमा आवद्ध शिक्षक/शिक्षिकालाई जनाउँछ।

## ४. सहुलियत ब्याजदरको नगद ऋण तथा किस्ताबन्दीमा सामग्री लिनको लागि आवश्यक शिक्षक/शिक्षिकालाई ऋण तथा किस्ताबन्दीमा इलेक्ट्रोनिक्स सामग्री उपलब्ध गराउन आवश्यक मापदण्ड

(क) केन्द्रद्वारा सञ्चालित नेपाल एपीएफ विद्यालयमा कार्यरत समाजिक सुरक्षा कोषमा आवद्ध शिक्षक/शिक्षिका हुनु पर्नेछ।

(ख) सामाजिक सुरक्षा कोषमा अनिवार्य रूपमा आबद्ध भई नियमित योगदान गरिरहेको हुनुपर्नेछ।

(ग) कम्तीमा ५ (पाँच) वर्ष सेवा अवधि पूरा गरेको हुनुपर्नेछ।

(घ) सम्बन्धित विद्यालय प्रमुखको सिफारिस सहित निवेदन पेश गरेको हुनुपर्नेछ।

## ५. अयोग्यताको अवस्था

(क) सेवा केन्द्रबाट प्राप्त ऋण वा सुविधा समयमै फछ्यौंट नगरेको देखिएमा।

**(नारायण दत्त पौडेल)**
**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक**
**अध्यक्ष**

(ख) अनुशासनहीनता, आर्थिक अनियमितता वा अन्य गम्भीर कसुरसम्बन्धी कारबाही प्रक्रियामा रहेको अवस्थामा।

(ग) कार्य सम्पादन तथा आचरण सन्तोषजनक नभएमा।

**६. सहुलियत ब्याजदरमा ऋण तथा किस्ताबन्दि सुविधा**

(क) योग्य ठहरिएका शिक्षक/शिक्षिकाहरूलाई कल्याणकारी सेवा केन्द्रबाट ६ (छ) प्रतिशत ब्याजदरमा अधिकतम ५ लाख नगद ऋण उपलब्ध गराइने।

(ख) घरायसी प्रयोजनका इलेक्ट्रोनिक्स सामग्रीहरू किस्ताबन्दी रकममा उपलब्ध गराइने।

(ग) सहुलियत ब्याजदरको नगद ऋणको किस्ता अवधि ५ (पाँच) वर्षको हुनेछ।

(घ) ऋण रकमको अधिकतम सीमा, ब्याजदर, किस्ता अवधि तथा अन्य शर्तहरू केन्द्रको निर्णय अनुसार समय समयमा हेरफेर हुन सक्नेछ।

(ङ) नगद ऋण वा इलेक्ट्रोनिक्स सामग्रीहरू एक पटकमा एक सुविधा मात्र लिन पाईनेछ।

**७. किस्ता कट्टी व्यवस्था**

(क) ऋण तथा इलेक्ट्रोनिक्स सामग्रीको किस्ता रकम सम्बन्धित शिक्षक/शिक्षिकाको मासिक तलबबाट रूपमा कट्टी गरी नेपाल एपीएफ स्कुलहरुले कल्याणकारी सेवा केन्द्रमा पठाउनु पर्नेछ।

(ख) सामाजिक सुरक्षा कोषमा योगदान निरन्तर कट्टी भइरहेको हुनुपर्नेछ।

**८. ऋण तथा किस्ताबन्दिको लागि संलग्न हुने पर्ने आवश्यक कागजातहरु**

(क) ऋण लिन ईच्छुक शिक्षक/शिक्षिकाले कार्यरत कार्यालयमा पेश गरेको निवेदन सक्कल प्रति - १

(ख) नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपि- १

(ग) परिचयपत्रको प्रतिलिपि- १

(घ) ऋण लिन ईच्छुक शिक्षक/शिक्षिकाले खाईपाई आएको ग्रेड सहितको तलव विवरण खुलेको पत्रको सक्कल प्रति- १

(ङ) आफ्नो नामको बैंक खाता नम्बर र व्यक्तिगत सम्पर्क नम्बर।

(च) नेपाल एपीएफ स्कुलको सिफारिस पत्र।

(छ) नजिकको हकवालाको मञ्जुरी नामाको सक्कल प्रतिलिपि-१

९. अन्य

(क) यस मापदण्डको कार्यान्वयन, व्याख्या तथा संशोधन गर्ने सम्पूर्ण अधिकार केन्द्रमा निहित रहनेछ।

(ख) आवश्यकता अनुसार केन्द्रले थप सर्त तथा व्यवस्था लागू गर्न सक्नेछ।

(ग) **साजिक सुरक्षा रकम पाउने सम्बन्धमाः-** कल्याणकारी सेवा केन्द्रको कुनै हर हिसाब बाँकी भए नभएको एकिन गर्ने र बाँकी रकम असुल उपर हुने गरी मात्र सामाजिक सुरक्षा रकम सम्बन्धितलाई उपलब्ध गराउने व्यवस्था नेपाल एपीएफ स्कुलहरुले गर्नु पर्नेछ।

(नारायण दत्त पौडेल)
**सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक**
**अध्यक्ष**

परिशिष्ट- "ग"

## प्रशिक्षण कार्यमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरुलाई स्वदेश भित्र पारिवारिक भ्रमण गर्न प्रोत्सान रकम सम्बन्धी विवरण

| सि.नं. | कार्यालय | कार्यालय संख्या | हाल उपलब्ध गराउँदै आईरहेको संख्या | समायोजन पछिको हुने संख्या |
|---|---|---|---|---|
| १. | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यलय | १ | ५ जना | ४ जना |
| २. | राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान (मातहत शिक्षालयहरु, ए.पि.एफ. कमाण्ड तथा स्टाफ कलेज र खेलकुद तथा शारीरिक सुगठन शिक्षालय समेत) | १ | ५ जना | १४ जना |
| ३. | बाहिनी मुख्यालयहरु | ८ | ४० जना | ३२ जना |
| जम्मा संख्या | | | ५० जना | ५० जना |

(नारायण दत्त पौडेल)
सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक
अध्यक्ष

# सहुलियत नगद ऋण प्राप्त गर्ने व्यक्ति (एकाघरको) सदस्यको विवरण तथा मञ्जुरीनामा

१. नाम थर :-

२. नागरिकता नं. :-

३. उमेर :-

४. नाता :-

५. पेशा :-

६. आयस्रोत :- मासिक.................................................. बार्षिक........................

७. सम्पर्क :- मोवाईल नं...................................................

८. ठेगाना :

फोटो

(क) स्थायी

(१) अञ्चल : (२) जिल्ला : (३) न.पा./गा.पा.

(४) वडा नं. : (५) टोल :

(ख) अस्थायी ठेगाना :

(१) अञ्चल : (२) जिल्ला : (३) न.पा./गा.पा.

(४) वडा नं. : (५) टोल :

निवेदक मेरो..................नाता पर्ने ................आई.डि.नं............दर्जा............................................................ ..............................दरबन्दी भई..........................................................................................मा कार्यरत ............................................................ नामथर ले सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रबाट उपलब्ध हुने नगद ऋण प्राप्त गरे पश्चात निजले तोकिएको समयमा ऋण भुक्तानी नगरेमा वा कुनै भवितव्यबाट ऋण भुक्तानी हुन नसकेमा उक्त ऋण वापत तिर्नु पर्ने सम्पुर्ण सावा व्याज रकम त्यस सेवा केन्द्रको नियमानुसार भुक्तानी गर्नेछु भनी मेरो मनोमानी राजीखुसी यो मञ्जुरीनामा कागजातमा सहिछाप गरिदिए ।

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

साछिको सही :-..................................

ईति संवत्................साल................महिना......................गते......................रोज शुभम ।